## सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी आर्थिक प्रस्ताव फारम

श्रीमान प्रमुख मेडिकल सुपरिन्टेन्ट ज्यू
सेती प्रादेशिक अस्पताल
धनगढी, कैलाली ।

तहाँ अस्पतालयबाट राष्ट्रियस्तरको पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्वन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही देहायका पत्रपत्रिकामा देहायको छुट दरमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेका छु ।

| क्र.सं. | राष्ट्रियस्तरको पत्रिका | दररेट (प्रति सि.सी) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १. | गोरखापत्र | | | |
| २. | कान्तिपुर दैनिक | | | |
| ३. | नागरिक दैनिक | | | |
| ४. | अन्नपूर्ण पोष्ट | | | |
| ५. | नेपाल समाचारपत्र | | | |
| ६. | नयाँ पत्रिका | | | |
| ७. | The Rising Nepal | | | |
| ८. | The Kathmandu Post | | | |
| ९. | The Himalayan Times | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |

नोट :

१) छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दर रेटमा लागू हुनेछ ।
२) छुट प्रतिशत सम्झौता भएपश्चात २०८३ असार मसान्तसम्मको लागि लागू हुनेछ ।
३) अधिकारीक रुपमा प्रकाशित दररेटमा उल्लेखित कवोल छूट रकम घटाए पछि आउने रकममा नियमानुसार कर/मुल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

फर्मको छाप

मिति :

मोवाईल नम्बर:

CamScanner

# सामान्य जानकारी तथा सर्तहरु

क). प्रस्ताव पेश गर्ने प्रस्तावदातालाइ निर्देशन

१. आर्थिक प्रस्ताव फाराम दस्तुर वापत रु. १०००/- (अक्षेरुपी एक हजार) देहायको खातामा जम्मा गरेको बैंक भौचर वा अनलाइन भुक्तानी गरेको निस्सा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । दरभाउपत्र प्रस्ताव फाराम यस अस्पतालको Website: www.sph.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| | |
|---|---|
| बैंकको नामः राष्टिय वाणिज्य बैंक धनगढी | कार्यालयको नामः सेती प्रादेशिक अस्पताल |
| कार्यालय कोडः ३५००२७७०३७ | खाता नं. १०००१००२०००१०००० |
| राजश्व शिर्षक नं. १४२२९ | खाताको नामः Revenue FCGO TSA |

२) खरिद गरेको आर्थिक प्रस्ताव फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं . मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र सेती प्रादेशिक अस्पतालको आर्थिक प्रशासन शाखामा दर्ता गर्नुपर्नेछ । प्रस्तावकर्ताले पेश गरेको प्रस्ताव जुनसुकै माध्यमबाट पेश गरेको भएता पनि यस कार्यालयको सूचना अनुसारको अन्तिम मिति र समय भित्र यस कार्यालयमा दर्ता भई सकेको हुनु पर्नेछ । उक्त मिति र समयभन्दा ढिला गरी प्राप्त प्रस्तावलाई मान्यता दिईने छैन ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको आर्थिक प्रस्ताव अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक प्राप्त आर्थिक प्रस्ताव सम्बन्धी कागजातहरू प्रस्ताव पेश गर्ने अन्तिम दिनको दिउँसो २:०० बजेपछि व्यवसायी वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै, आर्थिक प्रस्तावदाता वा निजका प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन। यदि सो दिन सार्वजनिक विदा परेमा, उक्त कार्य बिदापछिको पहिलो कार्यालय खुल्ने दिनमा सम्पादन गरिनेछ ।

४) आर्थिक प्रस्ताव सम्बन्धी विस्तृत जानकारी आर्थिक प्रस्ताव सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका आर्थिक प्रस्ताव स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। आर्थिक प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५) प्रस्तावदाताले आर्थिक प्रस्तावको वाहिरपट्टी शीरमा "सेती प्रादेशिक अस्पतालको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी प्रस्ताव" भन्ने लेखी श्री प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट, सेती प्रादेशिक अस्पताल धनगढी, कैलाली सम्बोधन गरेको हुनुपर्नेछ ।

६) प्रस्तावदाताले छूट दिन प्रस्ताव गरेको प्रतिशत अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नू पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७) आर्थिक प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नुपर्नेछ ।

८) पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपुर्बक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनू पर्नेछ ।

CamScanner

९) प्रस्ताव सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी आर्थिक प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहने छ ।

११) रित नपुगेका र तोकिएका कागजातहरु नआएका प्रस्तावहरु रद्द गरिनेछ ।

१२) प्रस्ताव सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ख). प्रस्तावदाताले कार्य सम्पादनका सिलसिलामा पालना गनूपर्ने कार्यक्षेत्रगत शर्तहरुः

१) कवोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेटमा लागू हुनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाइ जानकारी गराउनूपर्नेछ ।

२) सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकाशित गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना ल्याएमा सो (छुट) बमोजिमको थप छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनुपर्नेछ ।

३) प्रकाशन गनूपर्ने सूचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

४) यस कार्यालयले दिएको आदेश विपरित प्रकाशित समाग्रीको रकम यस कार्यालयले भूक्तानी गर्ने छैन ।

५) सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिनअगावै यथा समयमै लिखित आदेश र सूचना उपलब्ध गराइने छ । तर आकस्मिक रुपमा सूचना प्रकासन गर्न पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भालिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

६) स्वीकृत प्रस्तवादातालाई यस कार्यालयबाट छपाउनुपर्ने सूचना प्रस्तावदाताको आधिकारीक इमेलमा छपाइ गर्नुपर्ने दिन भन्दा अघिल्लो दिन उपलब्ध गराइनेछ। इमेलमा प्राप्त भएपछि यस कार्यालय सँग सम्वन्वय गरी तोकिएको दिनमै सूचना प्रकाशन गर्नुपर्नेछ । यसरी स्वीकृत प्रस्तावदाताले तोकिएको दिनमा सूचना प्रकाशन नगर्दा यस कार्यालयलाई क्षति हुने तथा प्रशासनिक झन्झट पर्ने भएकाले त्यसरी कुनै एउटा सूचना तोकिएको दिनमा प्रकासन हुन नसकेमा स्वीकृत प्रस्तावदातासँगको सम्झौता रद्ध गरी लगत्तै कम बोलबकोल गर्ने प्रस्तावदाताबाट सूचना प्रकाशन गर्ने गरी सम्झौता गरिनेछ ।

७) स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो वापतको विल यस कार्यालयमा पेश गर्नू पर्नेछ।

८) स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कूनै पनि बखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

ग). प्रस्तावदाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नू पर्नेछ ।

१) प्रस्तावदाताले यस कार्यालयको रास्ट्रिय स्तरको सूचना प्रकाशन गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपुर्ण पोस्ट, नेपाल समाचारपत्र, नया पत्रिका, The Rising Nepal, The Kathmandu Post, Republica, The Himalayan Times, मध्यान्ह राष्ट्रिय दैनिक लगायतका अन्य पत्रपत्रिकाको लागि

CamScanner

आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नवीकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२) प्रस्तावदाताले उपरोक्तानुसारको पत्रपत्रिकाको विज्ञापनको साइजे सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३) संस्था र एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र

४) अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,

५) मूल्य अभिवृद्धि करमा (VAT) दर्ताको प्रमाणित प्रमाणपत्र,

६) स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र,

७) आ. व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण पत्र वा २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र कर दाखिलाको म्याद थपको प्रमाणपत्र ।

८) विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि

९) निवेदन

## घ). मुल्याङ्कन सम्बन्धी व्यवस्था

१) प्रस्तावदाताले पेश गरेको छूट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

२) तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछुट्टै रुपमा मुल्याङ्कन गरिनेछ ।

३) "तोकेको कागजातहरू संलग्न गरी कार्यक्षेत्रगत शर्तहरूअनुसार कार्य गर्न इच्छुक प्रस्तावदाताहरूमध्ये छुट, समायोजन, घटाइएको दर र बढी छुट प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्तावलाई प्राथमिकता दिइनेछ।"

४) प्रस्तावदाताहरुले आर्थिक प्रस्ताव सम्बन्धी फारममा उल्लेखित गोरखापत्र देखी The Himalayan Times सम्मका ९ वटा पत्र पत्रिकाको दररेट तथा छुट रकम अनिवार्य रुपमा भर्नुपर्नेछ । यी ९ वटा पत्रपत्रिकाको दररेट नभरी अन्य पत्रपत्रिकाको दररेट भर्ने प्रस्तावदाताको प्रस्ताव मुल्यांकन प्रकृयाबाट हटाइनेछ । र प्रस्तावदाताको प्रस्ताव मुल्यांकन गर्दा आर्थिक प्रस्ताव फारममा उल्लिखित ९ वटा पत्रपत्रिकाको प्रस्तावित दररेटमा छुट अंक घटाइ कायम हुन आउने रकमको औषत अंकका आधारमा न्युनतम बोलकबोल गर्ने प्रस्वादाताको प्रस्ताव सम्झौताका लागि छनौट गरिनेछ।

## ङ). भूक्तानी सम्वन्धी व्यवस्था

१) स्वीकृत प्रस्तावदाताबाट कार्य सम्पन्न पश्चात पेश हुन आएको विलको भुक्तानी EFT System बाट गरिनेछ। पेश्की तथा आशिंक रुपमा रकम उपलब्ध गराइने छैन ।

२) प्रस्ताव सम्वन्धी फाराममा उल्लिखित कबोल छूट प्रतिशत सम्झौता भएको मितिले २०८३ अषाढ मसान्त सम्मका लागि कायम रहने छ ।

## च) विविध व्यवस्था

१) प्रचलित कानुन वमोजिम वूझाउनू पर्ने कर तथा दस्तूर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

२) प्रस्ताव सम्वन्धी अन्य कूराहरु सार्वजनिक खरिद ऐन, २०६३ र प्रचलित कानुन वमोजिम हुनेछ ।

CamScanner